# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७५।०७।१६ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

-----------------------------------------------

यातायात व्यवस्था कार्यालय, बागमती, सवारी चालक अनुमतिपत्र, सुकेधारा, काठमाडौंका नायव सुव्बा नवराज पराजुलीले लिखित र प्रयोगात्मक परीक्षा पास गरिसकेका सेवाग्राहीलाई परीक्षामा फेल भएको भन्दै पास गराइदिने प्रलोभन देखाइ घुस/रिसवत माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टङ्गालबाट खटिइ गएको टोलीले निजलाई रु.५,०००।-(पाँच हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले निजलाई बिगो रु.५,०००।-(पाँच हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन तथा सोही कार्यालयका शाखा अधिकृत लोक बहादुर लामाले नायव सुब्बा नवराज पराजुलीसंग एक आपसमा मिलेमतो गरी आफ्नो कार्यालय र ओहदाले गर्नुपर्ने काम कारवाही नगरी घुस रिसवत माग गर्न लगाई मतियारको रुपमा कार्य गरेको पुष्टी हुन आएकोले निज लोकबहादुर लामालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिमको कसुरमा बिगो रु.५,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता